अनुसूची-२

(दफा ४ तथा अनुसूची -१ को भाग-२ सँग सम्बन्धित)

**मोदी गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड-४, संख्या-३, मिति - २०७७/०५/०४**

**भाग-२**

नेपालको संविधान बमोजिम मोदी गाउँसभाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

मोदी गाउँपालिका

## मोदी गाउँपालिकाका जलश्रोत तथा मुहान दर्ता सम्बन्धी कार्यविधि· २०७७

मोदी गाउँपालिका भित्रको भूःसतहमा वा भूमिगत वा अन्य कनै अवस्थामा रहेको जलश्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं जलश्रोतको लाभदायक उपयोगहरुको निर्धारण गर्ने, त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानिकारक प्रभावको रोकथाम गर्ने एवं जनश्रोतलाई प्रदूषणमुक्त राखी समुचित प्रयोग गर्न वान्छनीय भएकोले मोदी गाउँपालिका वातावरण तथा प्राकृतिक स्रोत सरक्षण ऐन, २०७६ का दफा ६६ को अधिकार प्रयोग गरि मोदी गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः .१॰ यस कार्यविधिको नाम “मोदी गाउँपालिका जलश्रोत तथा मुहान दर्ता कार्यविधि, २०७७” रहेको छ।

.२॰ यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

.क॰ “जलश्रोत” भन्नाले गाउँपालका भित्रको भूःसतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थमा रहेको पानी सम्झनुपर्छ ।

.ख॰ “लाभदायक उपयोग” भन्नाले उपलब्ध साधन र श्रोतले भ्याएसम्म समुचित रुपले गरिएको जलश्रोतको उपयोग सम्झनुपर्छ ।

.ग॰ “अनुमतिपत्र प्राप्त व्यक्ति. वा संस्था” भन्नाले जलश्रोतको उपयोग गर्ने दफा ७ बमोजिम
अनुमतिपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्था सम्झनुपर्छ ।

.ग॰ “उपभोक्ता संस्था” भन्नाले दफा ५ बमोजिम गठित जल उपभोक्ता, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, संस्था, सम्झनुपर्छ ।

.ङ॰ “गाउँ जलश्रोत समिति” भन्नाले दफा ९ बमोजिम गठित समिति सम्झनुपर्छ ।

.च॰ “अनुमति पत्र” भन्नाले दफा १५ बमोजिम दिईने अनमति पत्र सम्झनुपर्छ ।

.छ॰ “सर्वेक्षण” भन्नाले जलश्रोत उपयोगका लागि गरिने विस्तृत सम्भाव्यता अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय प्रभाव मूल्याङ्कन, डिजाईन र त्यसका लागि गरिने अन्वेषण सम्बन्धी कार्य सम्झनुपर्छ । ।

.ज॰ “उपभोक्ता” भन्नाले सम्बन्धित सेवा प्रयोग तथा उपभोग गर्ने व्यक्ति सम्झनुपर्छ ।

.झ॰ “सेवा शुल्क” भन्नाले गाउँपालिका वा अधिकार प्राप्त व्यक्ति वा संस्थाले उपलब्ध गराएको जलश्रोतसँग “सम्बन्धित सेवा उपभोग गरे वापत उपभोक्ताले बुझाउनुपर्ने शुल्क सम्झनुपर्छ ।

.ञ॰ “गाउँपालिका_ भन्नाले मोदी गाउँपालिकालाई सम्झनुपर्छ ।

.ट॰ “अध्यक्ष” भन्नाले मोदी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

.ठ॰ “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले मोदी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

३. जलश्रोत स्वामित्वः गाउँपालिकाभित्र रहेको जलश्रोतको स्वामित्व गाउँपालिकामा निहित रहनेछ ।

४. जलश्रोत उपयोगः यस कार्यविधि बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि जलश्रोतको
उपयोग गर्न पाउने छैन ।

५. जल उपभोक्ता संस्थाको गठनः .१॰ सामूहिक लाभका, लागि संस्थागत रुपमा जलश्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले पदाधिकारी .भाईटल पोष्टमा १ जना महिला रहने॰ तथा सदस्य समेत गरी कम्तीमा सात जना .३३ प्रतिशत महिलाः अनिवार्य॰ भएको उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।

.२॰ उपदफा .१॰ बमोजिम उपभोक्ताः संस्था गठन गरी दर्ता गराउन चाहने सम्बन्धित उपभोक्ताहरु मध्येबाट कम्तीमा सात जना उपभोक्ताहरुले अनुसूची १ बमोजिमको ढाँचामा उपभोक्ता संस्थाको एकप्रति विधान र एक सय रुपैंया दस्तुर, सम्बन्धित वडा समितिको निर्णय र वडा कार्यालयको सिफारिस सहित गाउँ जलश्रोत समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

६ विधानमा खुलाउनुपर्ने विवरणहरुः दफा ५.२ बमोजिम पेश गर्नुपर्ने उपभोक्ता संस्थाको विधानमा संस्था, सम्बन्धी देहायकाः विवरणहरु खलाउनु पर्नेछः

क॰ पुरा नाम र ठेगाना,

ख॰ उद्देश्य तथा कार्यक्षेत्र,

ग॰ सदस्यको लागि योग्यता ु र सदस्यता शुल्क,

.घ॰ सदस्यको निष्काशन र राजीनामा,

.ङ॰ हक दावी, नामासारी वा हकवालाको मनोनयन,

.च॰ साधारण सभा सम्बन्धी,

.छ॰ सञ्चालक समितिको गठन .निर्वाचन एवं काम, कर्तव्य र अधिकार॰,

.ज० सञ्चालक पदमा वहाल रहन नसक्ने अवस्था,

.झ० सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि,

.ञ० कोष र लेखापरीक्षण,

.ट० विधान संशोधन,

.ठ० विघटन,

.ड० विविध ।

७. दर्ता र प्रमाणपत्रः .१० दफा ५ बमोजिम पर्न आएको दरखास्त उपर गाउँ जलश्रोत समितिले आवश्यक जांचबुझ गरी उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखेमा दर्ता गरी दर्ता शुल्क वापत अनुसूचीः७ मा उल्लेखित शुल्क लिई अनुसूचीः२ बमोजिमको ढाँचामा गाउँपालिकाले उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र दिनेछ।

.२० उपदफा .१० बमोजिम कुनै उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त नदेखेमा गाउँ जलश्रोत समितिले सोको स्पष्ट कारण खोली दरखास्तवालालाई दरखास्त पेश गरेको मितिले तीस दिनभित्र सूचना दिन् पर्नेछ ।

.३० यो कार्यविधि प्रारम्भ हन् अगावै प्रचलित कानुन बमोजिम दर्ता भएका उपभोक्ता संस्थाहरु यसै कार्यविधि बमोजिम भएका मानिनेछन्।

८. विधान संशोधनः उपभोक्ता संस्थाले आफ्नो विधान संशोधन गर्नु परेमा विधानको प्रक्रिया पूरा गरी तयार गरिएको विधानको संशोधित मस्यौदा गाउँ जलश्रोत समितिमा पेश गर्नु पर्नेछ र समितिले तत् सम्बन्धमा आवश्यक जाँचबुझ गरी विधान संशोधन गर्न स्वीकृती दिन सक्नेछ ।

९. गाउँ जलश्रोत समितिको गठनः .१० गाउँपालिकाः भित्र रहेको जलश्रोतको उपयोग तथा नियमन गर्नको लागि अनुमति पत्र प्रदान गर्ने प्रयोजनको लागि गाउँ जलश्रोत समिति रहनेछ.

.२० गाउँ जलश्रोत समितिमा देहायका अध्यक्ष र सदस्यहरु रहनेछन

क० गाउँ प्रमुख – अध्यक्ष

ख० जलश्रोत दर्ता गर्ने सम्बन्धित वडाको अध्यक्ष – सदस्य

ग० गाउँपालिकाको प्राविधिक शाखा प्रमुख – सदस्य

घ० गाउँपालिकाको कृषि शाखा प्रमुख – सदस्य

ङ० वन सब डिभिजनको प्रमुखअधिकृत प्रतिनिधि – सदस्य

च० अध्यक्षले तोकेको गाउँ कार्यपालिकाको सदस्य – सदस्य

छ० सम्बन्धित शाखाको प्रमुख – सदस्य

ज० प्रमुख प्रशासकीय अधिकृत – सदस्य सचिव

१०. जलश्रोत समितिको बैठक र कार्यविधिः .१० समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

.२० बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा सदस्यहरु मध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ । बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

.३० बैठक सञ्चालनको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

११. जलश्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्रको दरखास्त दिनेः .१० जलश्रोत उपयोगको सर्भेक्षण अनुमति पत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची ३ बमोजिमको ढाँचामा विस्तृत विवरण खुलाई गाउँ

जलश्रोत समिति समक्ष निवेदन दिनुपर्नेछ । निवेदन साथमा सम्बन्धित सरोकारवाला तथा सम्बन्धित वडा समितिको निर्णय र वडाको सिफारिस साथ पेश गर्नुपर्दछ ।

.२। उपदफा .१। बमोजिम दरखास्त परेपछि समितिले पेश भएको निवदेन उपर जाँचबुझ गर्नु पर्नेछ ।

.३। उपदफा .२। बमोजिम जाँचबुझ गर्दा उपयुक्त देखिएमा समितिले जलश्रोत उपयोगको सर्वेक्षण अनुमति पत्र दिनुपर्नेछ । यसरी अनुमति प्राप्त गरेको व्यक्तिले सर्वेक्षणको काम समाप्त गरेको मितिले तीस दिन भित्र गाउँ जलश्रोत समिति समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१२. जलश्रोत उपयोग अनुमतिपत्रको लागि दरखास्त दिनेः .१। जलश्रोतको उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची ⁄४ बमोजिमको ढाँचामा प्रस्तावित परियोजनासँग सम्बन्धित देहायको विवरणहरु खुलाई गाउँ जलश्रोत समिति समक्ष दरखास्त फारम दिनु पर्नेछ ।

.क। परियोजना विस्तृत विवरण .परियोजना स्थलको नक्शा, उपयोग गरिने पानीको श्रोत, परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय, लागत, परियोजनाको सहभागीहरुको नाम. र तिनीहरुको संलग्नताको किसिम, परियोजनामा अन्तिम स्वामित्व रहने व्यक्ति वा संगठन संस्था तथा त्यस्तो संस्थाका सञ्चालकहरुको नाम, थर र वतन समेत स्पष्ट रुपमा खुलाउनु पर्छ । ।

.ख। सम्भाव्यताको विश्लेषण .परियोजनाको विस्तृत नक्शा सहितको प्राविधिक विवरण तथा आर्थिक विश्लेषण र उपभोक्ताहरुको विवरण।,

.ग। वित्तीय व्यवस्था .परियोजनाको अनुमानित वित्तीय व्यवस्था, परियोजनाको लगानीकर्ताहरुको आर्थिक हैसियत, परियोजनामा प्रत्यक्ष रुपले सहभागी हुने वित्तीय संस्थाहरुको प्रतिबद्धता र लगानीकर्ताहरुको दायित्व तथा शेयर पूँजी र ऋणको प्रतिशत।

.घ। घर जग्गाको उपयोग वा प्राप्ती परियोजना निर्माण कार्यको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तीको लागि चाहिने सरकारी वा गैर सरकारी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीहरुको लागत ।

.ङ। वातावरणीय प्रभाव विश्लेषण .परियोजनाले वातावरणमा पार्ने उल्लेखनीय प्रतिकूल प्रभावलाई न्यूततस गर्न अपनाउने उपायहरु तथा जलश्रोतमा रहने जलचर एवं जल वातावरण संरक्षणको लागि अपनाउने उपायहरु, परियोजनाको सम्बन्धित क्षेत्रमा पार्न सक्ने सामाजिक तथा आर्थिक प्रभावको अतिरिक्त विद्यमान स्थानीय श्रम तथा श्रोत र साधनको उपयोग, परियोजना सम्बन्धी कार्य पूरा भएपछि त्यस क्षेत्रका व्यक्तिहरुले पाउने लाभ, निर्माण तथा सञ्चालन सम्भार सम्बन्धमा स्थानीय उपभोक्तालाई दिइने तालिम, निर्माण शिविरको लागि आगश्यक पर्ने सुविधाहरु, सुरक्षात्मक व्यवस्थाहरु तथा परियोजना सञ्चालनबाट सम्वन्धित जग्गाधनीहरुलाई पर्न सक्ने असर, विस्थापित जनसंख्याको लागत र तिनीहरुको पुनर्वासको लागि अपनाउने आवश्यक व्यवस्था समेत स्पष्ट रुपमा खुलाउनु पर्छ।

१३. दरखास्त उपर जाँचबुझः .१। दफा १२ बमोजिम दरखास्त प्राप्त भएपछि यस कार्यविधि बमोजिम दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु विवरण वा प्रतिवेदन पेश गरे नगरेको, सम्बन्धमा गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गर्नुपर्नेछ ।

२। उपदफा .१। बमोजिम जाँचबुझ दर्ता दरखास्तवालाले दरखास्त साथ पेश गर्नु पर्ने कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गरेको रहेनछ भने त्यस्तो कागजात, विवरण वा प्रतिवेदन पेश गर्न गाउँ जलश्रोत समितिले सम्बन्धित दरखास्तवालालाई मुनासिब माफिकको म्याद तोकी दरखास्त दर्ता भएको मितिले तीस दिनभित्र सो कुराको सूचना दिनु पर्नेछ ।

.३॰ दफा .२॰ बमोजिम कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गर्न गाउँ जलश्रोत समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागत प्राप्त हुन आउँछ सोही मितिलाई दरखास्त परेको मिति मानिनेछ ।

१४, सार्वजनिक सुचना प्रकाशित गर्नुपर्नेः .१॰ दफा १२ बमोजिम जलश्रोतको उपयोगको अनुमतिपत्रको लागि दरखास्त परेपछि गाउँ जलश्रोत समितिले दफा १३ बमोजिम आवश्यक जाँचबुझ गरी तत् सम्बन्धी विवरणहरु खुलाई सार्वजनिक जानकारीको लागि सूचना प्रकाशित गर्नुपर्नेछ ।

.२॰ उपदफा .१॰ बमोजिम जाँचबुझ दर्ता दरखास्तवालाको दरखास्तसाथ पेश गर्नु पर्ने कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गरेको रहेनछ भने त्यस्तो कागजात, विवरण वा प्रतिवेदन पेश गर्न गाउँ जलश्रोत समितिले सम्बन्धित दरखास्तवालालाई मुनासिव माफिकको म्याद तोकी दरखास्त दर्ता भएको मितिले तीस दिन भित्र सो कुराको सूचना दिनु पर्नेछ ।

.३॰ दफा .२॰ बमोजिम कुनै कागजात विवरण वा प्रतिवेदन पेश गर्न गाउँ जलश्रोत समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउँछ सोही मितिलाई दरखास्त परेको मिति मानिनेछ ।

१५. अनुमतिपत्र दिनेः दफा १२ बमोजिम दरखास्त “उपर दफा १३ र १४ बमोजिम कार्यविधि पूरा गरी गराई गाउँ जलश्रोत समितिले दरखास्तवालाको माग बमोजिम वा आवश्यक भए संशोधन समेत गरी अनसची፥६ बमोजिमको ढाँचामा दरखास्तवालालाई जलश्रोतको उपयोग सम्बन्धी अनुमतिपत्र दिन् पर्नेछ ।

१६. जलश्रोत माथि अधिकार कायम हुनेः यस कार्यविधि बमोजिम जलश्रोतको उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थालाई अनुमतिपत्रमा ःउल्लेख भए बमोजिमको लागि सोही अनुमतिपत्रमा तोकिएको स्थान र क्षेत्रसम्मको जलश्रोत उपयोग गर्ने अधिकार प्राप्त हुनेछ ।

१७, नयाँ अनुमतिपत्र ः लिनुपर्नेः .१॰ कार्यविधि “प्रारम्भ हुनु अगावैदेखि जलश्रोतको उपयोग गरिरहेको व्यक्ति वा संगठित संस्थाले पनि दफा १२ मा उल्लेखित विवरणहरु खुलाई कार्यविधि प्रारम्भ भएको मितिले एक वर्षभित्र जलश्रोत उपयोग अनुमतिपत्रको लागि दरखास्त दिनेछ ।

.२॰ उपदफा .१॰ बमोजिम पर्न आएको दरखास्त उपर सम्बन्धित गाउँ जलश्रोत समितिले आवश्यक जाँचबझ गरी दरखास्तवालालाई अनुसूची ፥६ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ ।

३॰ यो कार्यविधि प्रारम्भ हुनुः भन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता भई वा नभई स्थापना भईरहेका समितिले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले ६.छ॰ महिनाभित्र यो कार्यविधि बमोजिम सुचीकृत गराउनु पर्ने छ । सूचीकृत दर्ता हुनको लागि गत आ.व सम्मको लेखापरीक्षण पतिवेदन र साधारण सभाको निर्णय अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१८. अनुमति पत्र दस्तुरः .१॰ यो कार्यविधी वमोजिमको जलश्रोत उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमतिमत्रको लागि दरखास्त दिदा तथा अनुमति लिदा र नविकरण गर्दा अनुसूचि ፥७ मा तोकीए बमोजिमको अनुमतिमत्र दस्तुर बुझाउनुपर्नेछ ।

१९. अनुमतिपत्र नवीकरण गर्नेः .१॰ यो कार्यविधि बमोजिम जलश्रोतको सर्वेक्षण वा उपयोगको लागि अनुमतिपत्रमा उल्लेखित अवधि समाप्त हुनु अगावै अर्को अवधिको लागि अनुमतिपत्र नवीकरण गर्नुपर्नेछ ।

.२॰ प्रत्येक अनुमतिपत्र नवीकरण गराउँदा गत आ.व. सम्मको लेखापरीक्षण प्रतिवेदन र साधारण सभाको निर्णय अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

२०. अनुमतिपत्र बिक्री वा हस्तान्तरण गर्न स्वीकृति लिनु पर्नेः .१० अनुमतिपत्र प्राप्त व्यक्तिले आफनो अनुमतिपत्र बिक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा गाउँ जलश्रोत समिति समक्ष निवेदन दिनु पर्नेछ ।

.२० उपदफा .१० बमोजिम प्राप्त भएको निवेदन उपर गाउँ जलश्रोत समितिले आवश्यक जांचबुझ गरी दरखास्तवालाको नाउँमा रहेको अनुमतिपत्र अन्य व्यक्ति वा संगठित संस्थाको नाउँमा बिक्री गर्न वा अन्य कुनै प्रकारले हस्तान्तरण गर्न स्वीकृति दिन सक्नेछ ।

२१. वार्षिक शुल्कः अनुमतिपत्र प्राप्त व्यक्तिले जलश्रोतको उपयोग गरी अन्य व्यक्तिहरुलाई व्यापारिक प्रयोजनको लागि जलश्रोत उपलब्ध गराए वापत गाउँपालिकालाई बुझाउनु पर्ने वार्षिक शुल्क अनसची॰७ मा उल्लेख गरे बमोजिम हुनेछ ।

२२. उपभोक्ता समितिसंस्थाको सम्पत्तिः .१० उपभोक्ता समितिसंस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको विधान विरुद्ध संस्थाको कनै सम्पत्तिदुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का ः राखेमा गाउँपालिकाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई उपभोक्ता समिति संस्थालाई फिर्ता बुझाईदिन सक्नेछ ।
.२० उपदफा .१० बमोजिमको उपभोक्ता समिति संस्थाको सम्पत्तिफिर्ता गर्ने गरी गाउँपालिकाले गरेको कारवाहीमा चित्त नबुभने व्यक्तिले सम्वन्धित अदालतमा उजुर गर्न सक्नेछ ।
.३० उपभोक्ता समिति संस्थाको सदस्य वा कर्मचारी लगायत कनै व्यक्तिले उपभोक्ता समिति संस्थाको सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा उपभोक्ता समिति संस्था वा उपभोक्ता समिति संस्थाको कुनै सदस्य उपर प्रचलित कानून बमोजिम गाउँपालिकाले कारवाही चलाउन सक्नेछ ।
२३. उपभोक्ता समिति संस्थाको उद्देश्यहरुमा हेरफेरः .१० उपभोक्ता समिति
संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो उपभोक्ता समिति संस्थालाइ कुनै अर्को उपभोक्ता समिति संस्थामा गाभ्न उचित देखेमा सो उपभोक्ता समिति संस्थाले
तत् सम्वन्धी प्रस्ताव तयार पारी सो प्रस्ताव उपर छलफल गर्न उपभोक्ता समितिसंस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्ने छ ।
.२० साधारण सभामा कुल सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ । तर सो प्रस्ताब लागु गर्न गाउँपालिकाको पूर्व स्वीकृत लिनु पर्नेछ ।

२४. उपभोक्ता समिति संस्थाको वर्गीकरणः अनुमति प्राप्त गरी गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको व्यवस्थापनबाट खानेपानी उपलब्ध गराउने उपभोक्ता सदस्य संख्याको आधारमा निम्न अनुसार उपभोक्ता समिति संस्थाको वर्गीकरण हुनेछ ।

१. १००१ जना वा सो भन्दा बढी उपभोक्ता सदस्य भएको .क वर्ग०
२. ५०१ देखि १००० जना उपभोक्ता सदस्य भएको .ख वर्ग०
२. ५०० जना सम्म उपभोक्ता सदस्य भएको .ग वर्ग०

२५, तदर्थ समिति गठन गर्न सकिनेः  यस अघि दर्ता स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका र नयाँ  अनुमति प्राप्त गरी स्थापना हुने उपभोक्ता समितिहरुले तोकिए. बमोजिम ६ महिना भित्र साधारण सभा गरी उपभोक्ता समिति गठन प्रकृया पुरा नगरेमा त्यस्ता तदर्थ समिति वा अवधि पूरा भएका उपभोक्ता समितिहरुलाई विघटन गरी सञ्चालन नियमित गर्न गाउँपालिकाको तर्फबाट सम्बन्धित उपभोक्ता सदस्यहरु मध्येबाट तदर्थ समितिः गठन गरी साधारण सभा समेतका आवश्यक प्रकृया काम कारबाही गरी गराई व्यवस्थापन गर्न सकिनेछ ।

२६. संघ गठन गर्न सकिनेः  दर्ता स्वीकृति प्राप्त गरी गउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु मध्येबाट एक उपभोक्ता समितिलाई एक सदस्य मानी गाउँस्तरिय खानेपानी तथा सरसफाइ उपभोक्ता संघ गठन गरी सोही संघको पत्यक्ष रेखदेख सहयोग समन्वयमा अन्य सम्पूर्ण उपभोक्ता समितिहरुलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।

२७. आयव्यय विवरण पठाउनु पर्नेः उपभोक्ता समितिले आफ्नो समितिको आयव्यय विवरण लेखा परिक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष गाउँपालिकामा पठाउनु पर्नेछ ।

२८. आयव्यय विवरण जाँच गर्ने ः .१० प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा समितिको आयव्यय विवरण आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

.२० उपदफा .१० बमोजिम आयव्यय विवरण जाँच गराए बापत गाउँपालिकाले आयव्यय विवरण जाँचबाट देखिन आएको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाई आफूले निर्धारण गरेको दस्तुर असुल गरी लिन सक्नेछ ।

.३० आयव्यय विवरण जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजातहरु वा सोधेको प्रश्नको जवाफ दिनु समितिको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

.४० आयव्यय विवरण जाँच गर्ने अधिकृतले गाउँपालिकाले तोकिदिएको म्याद भित्र आयव्यय विवरण जाँचको प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नु पर्ने छ र सो प्रतिवेदनको आधारमा समितिको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको पाइएमा गाउँपालिकाले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असूल गर्न प्रचलित कानून बमोजिम कारबाही चलाउन सक्नेछ । तर, प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्धा चलाउन सक्नेछ ।

२९, निर्देशन दिने ः गाउँपालिकाले उपभोक्ता समितिसंस्था तथा संगठित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित समिति संस्थाको कर्तव्य हुनेछ ।

३०. दण्ड सजाय ः .१० दफा ७ बमोजिम दर्ता नगराई उपभोक्ता समितिसंस्था सञ्चालन गरेमा त्यस्ता समितिका सदस्यहरुलाई गाउँपालिकाले जनही पाँच हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ ।

.२० दफा .२७० बमोजिम हिसावको विवरण नपठाएमा उपभोक्ता समिति संस्थाका सदस्यहरुलाई गाउँपालिकाले जनही एक हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ । तर, कनै सदस्यले दफा .२७० उल्लघंन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोषजनक प्रमाण पेश गरेमा निजलाई सजांय गरिने छैन ।

.३० दफा .२८० को उपदफा .३० बमोजिम आयव्यय विवरण जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्र वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई गाउँपालिकाले पाँच हजार रुपैँयासम्म जरिवाना गर्न सक्नेछ ।

.४० दफा .२३० बमोजिम गाउँपालिकाको स्वीकृति नलिई उपभोक्ता समितिसंस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को समितिसँग गाभेमा वा समितिले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा

वा गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समितिको दर्ता निलम्वन गर्न बा खारेजी प्रकृयाको लागि जलश्रोत समितिमा पेश गर्न सक्नेछ ।

३१. पुनरावेदन ः दफा .३०० बमोजिम गाउँ जलश्रोत समितिले गरेको को अन्तिम निर्णय उपर पैतिस दिन भित्र सम्वन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्ने छ।

३२. उपभोक्ता समिति . संस्थाको विघटन वा त्यस्को परिणामः १० उपभोक्ता समिति . संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारण वश समिति विघटन भएमा त्यस्ता उपभोक्ता समिति संस्थाको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्नेछ ।

.२० उपदफा .१० बमोजिम विघटन भएको उपभोक्ता समिति संस्थाको दायित्वको हकमा सो उपभोक्ता समिति . संस्थाको जायजेथाले भ्याएसम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्नेछ ।

३३. नियम बनाउने अधिकार ः यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले नियम बनाउन सक्नेछ ।

३४. उपभोक्ता समिति . संस्थाले आफ्नो विधान अनुसारको तोकिएको समयावधि भित्रमा नयाँ कार्यसमिति चयन हुन नसकेमा उक्त कार्यसमितिको स्वत विघटन भएको मानी अर्को कार्यसमिति चयन नभएसम्म उपभोक्ता समिति . संस्था सञ्चालन गाउँपालिकाले गर्नेछ ।

३५. गाउँपालिकाले निर्देशन दिन सक्नेः गाउँपालिकाले जलश्रोत उपयोग सम्बन्धमा गाउँ जलश्रोत समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु गाउँ जलश्रोत समितिको कर्तव्य हुनेछ ।

३६. खारेजी वा बचाउ ः .१० संघ तथा गण्डकी प्रदेशबाट जलश्रोत सम्बन्धी नियमावली तथा कार्यविधि निर्माण तथा निर्देशन भएमा सोही बमोजिम हुनेछ ।

.२० जलश्चोत तथा मुहान दर्ता कार्यविधि लागु हुनु पूर्व जलस्रोत ऐन, २०४९ अर्न्तगत दर्ता भएका समिति यसै कार्यविधि बमोजिम दर्ता भए सरह मानिनेछ ।

.३० यस कार्यविधिमा उल्लेखित विषयंवस्तुहरु प्रचलित ऐन नियमसँग बाझिएमा उक्त दफा स्वतः खारेज भई प्रचलित ऐन, नियम अनुसार हुनेछ ।

३७ अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेः गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी यस कार्यविधिको अनुसूचीमा आवश्यकतानुसार हेरफेर वा धपघट गर्न सक्नेछ ।

**अनुसूचीः १**
**.दफा ५ को उपदफा .२० बमोजिम०**
**निवेदनको ढाँचा**

श्री अध्यक्ष ज्यू,
गाउँ जलश्रोत समिति,
मोदी गाउँपालिका पर्वत ।

विषयः जलश्रोत मुहान .सिंचाई . दर्ता तथा संरक्षणको लागि ।

महोदय,

हामीले ..............................., उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेको हुँदा प्रचलित नियम बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको एक प्रति विधान र जलश्रोत दर्ता कार्यको लागि निवेदन दस्तुर वापत रसिद नं. ...... बाट रु १००। एक सय रुपैंया दस्तुर सहित दरखास्त दिएका छौं ।

**<u>विवरण</u>**

१. उपभोक्ता संस्थाको नामः
२. कार्य क्षेत्रः
३. उद्देश्यहरुः
  क०
  ख०
४. उपभोक्ता समितिका पदाधिकारी .सदस्यहरुको विवरण

| सि.नं. | नाम | ठेगाना | पेशा | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |

५. उपयोग गरिले जलश्रोतको विवरण
  क० जलश्रोतका नाम र रहेको ठाउँ
  ख० जलश्रोतबाट गरिने प्रयोग
  ग० उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलश्रोतको परिणामः
  घ० उक्त जलश्रोतको हाल भैरहेको उपभोगः
६. उपभोक्ता संस्थाले पुर्याउन चाहेको सेवा सम्बन्धी विवरणः
  क० सेवाको किसिमः
  ख० सेवा पुर्याउने क्षेत्रः
  ग० सेवावाट लाभान्वित हुने उपभोक्ताहरुको संख्याः
  घ० भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भवनाः
७. आर्थिक श्रोतको विवरणः
केन्द्रप्रदेशस्थानीय सरकारः जै.स.सः जनसहभागिताः
८. कार्यालयको ठेगानाः ।

निवेदक
उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको सही:
नाम:
पद:

**अनुसूची: २**
**.दफा ७ को उपदफा .१० बमोजिम०**
**गाउँ जलश्रोत समति,**
**मोदी गाउँपालिका' पर्वत ।**

दर्ता मिति:
दर्ता नं. :
श्री ..............................................
..............................................
..............................................

विषय: जलश्रोत उपभोक्ता संस्था दर्ता प्रमाण पत्र ।

मोदी गाउँपालिका वडा नं. ..... मा रहेको ........................., जलश्रोत मुहान ..................................खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई गाउँ जलस्रोत कार्यविधि दफा ७ को उपदफा .१० बमोजिम गाउँ कार्यपालिकाको बैठक संख्या: ..... मिति: .......... को निणर्य नं. .......... बमोजिम यस कार्यालयमा दर्ता गरी

यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ । गाउँपालिकाको निर्देशन तथा गाउँ जलश्रोत कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्नु होला । संस्थाको कार्यक्षेत्र गाउँपालिंको वडा नं ..... रहनेछ । साथै प्रत्येक आर्थिक वर्षको आश्विन मसान्तसम्म संस्था नवीकरण गर्नुहुन समेत जानकारी गराईन्छ ।

प्रमाणपत्र जारी गर्नेको
दस्तखतः
नाम, थरः
पदः
मितिः

**अनुसूचीः ३**
**जलश्रोतको प्रयोगको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त फारम**

श्री अध्यक्ष ज्यू,
गाउँ जलश्रोत समिति,
मोदी गाउँपालिका, पर्वत ।

विषयः जलश्रोतको प्रयोगको सर्वेक्षण अनुमतिपत्र सम्बन्धमा ।

मोदी गाउँपालिका वडा नं. ... मा रहेको .................... जलश्रोत उपयोगको निमित्त सर्वेक्षण गर्नको लागि अनुमतिपत्र पाउन जलश्रोत कार्यविधिको दफा ..... बमोजिम देहायको विवरण खुलाई यो दरखास्त पेश गरेको छु ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः
२. उद्देश्यः
३. सर्वेक्षण गर्ने क्षेत्रः
४ सर्वेक्षण गर्न लाग्ने अनुमानित खर्च रुः
.पुष्ट्याई विवरण संलग्न गर्नुपर्नेछ॰
५, सर्वेक्षण गर्ने अवधि ः
६. अन्य विवरणहरु .जलश्रोत नियमावली, २०५० को नियम १२ बमोजिम॰ माथि उल्लेखित व्यहोरा ठीक साँचो छ । झुंठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

संगठित संस्था भए सो संस्थाको छाप सम्बन्धित व्यक्ति वा संगठित संस्थाको तर्फबाट दरखास्त दिनेको
नाम र थरः
सहीः
पदः

प्रमाणपत्र जारी गर्नेको
दस्तखतः
नाम, थरः
पदः
मितिः

**अनुसूची ४**
**जलश्रोतको उपयोगको सर्वेक्षण अनुमतिपत्र**
**मोदी गाउँपालिका**
**गाउँ जलश्रोत समिति, पर्वत ।**

अनुमतिपत्र संख्याः

मितिः

श्री

महाशय,

तपाईलाई जलश्रोतको उपयोगको सर्वेक्षण गर्न पाउने गरी देहायको विवरण खोली यस गाउँ जलश्रोत कार्यविधि बमोजिको अनुमपति पत्र प्रदान गरिएको छ ।

१. व्यक्ति वा संगठित संस्थाको पूरा नाम ठेगानाः
२. जलश्रोत सर्वेक्षणको उद्देश्यः
३. जलश्रोत सर्वेक्षणको क्षेत्रः
५. अनुमतिपत्र वहाल रहने अवधिः

अनुमतिपत्र दिने अधिकारीको
नामः
सहीः
पदः
मितिः

**अनुसूचीः५**
**.दफा १२ बमोजिम०**
**जलश्रोतको उपयोगको अनुमतिपत्रको लागि दरखास्त फारम**

श्री अध्यक्ष ज्यू,
गाउँ जलश्रोत समिति,
मोदी गाउँपालिका, पर्वत ।

विषयः जलश्रोतको उपयोगको अनुमतिपत्र सम्बन्धमा ।

जलश्रोतको उपयोगको निमित्त अनमतिपत्र पाउन मुहान दर्ता सम्बन्धी जलश्रोत कार्यविधि, २०७७ को दफा १२ बमोजिम देहायका विवरणहरु समेत खुलाई यो दरखास्त पेश गरेको छु ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः
२. उद्देश्यः
३. उपयोग गर्न खोजेको जलश्रोतको र उपयोग परिमाण गर्ने प्रयोजनः
४. प्रस्तावित जलश्रोत उपयोग गर्ने ठाउँः
५. जलश्रोतको उपयोगबाट लाभ पुग्ने ठाउँको क्षेत्रफलः
६. प्रस्तावित सेवावाट लाभान्वित हुने उपभोक्ताहरुको सख्याः
७. जलश्रोतको उपयोगको लागि लाग्ने अनुमानित रकम र सोको श्रोतः
८. जलश्रोत उपयोग गर्ने तरिका
९. जलश्रोतको हाल भैरहेको र भविष्यमा हुन सक्ने उपयोगः
१०. अन्य विवरणहरु ।

माथि उल्लेखित व्यहोरा ठीक साँचो हन् । झुठा ठहरेमा कानून बमोजिम सहुला बुझाउला ।

संगठित संस्था भए सो संस्थाको, छाप सम्बन्धित व्यक्ति वा संगठित संस्थाको तर्फबाट

दरखास्त दिनेको
नाम र थरः
सहीः
पदः
सम्पर्क नम्बरः
मितिः

**अनुसूचीः ६**
**.दफा १५ बमोजिम॰**
**जलश्रोतको उपयोगको अनुमतिपत्र**

अनुमतिपत्र संख्याः मितिः

श्री ..............................................
..............................................
पर्वत ।

विषयः जलश्रोतको उपयोगको अनुमतिपत्र सम्बन्धमा ।

महाशयर

तपाईलाई जलश्रोतको उपयोग गर्न पाउने गरी देहायको विवरण खोली मुहान दर्ता तथा जलश्रोत कार्यविधि, २०७६ को दफा १५ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएकोछ ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः
२. जलश्रोत उपयोगको उद्वेश्यः
३. उपयोग गर्न खोजेको जलश्रोतको नामः
किसिमः रहेको स्थानः
४. उपयोग गर्न पाउने जलश्रोत परिमाणः
५. उपयोग गर्ने क्षेत्रः
६, जलश्रोत उपयोग गर्ने तरिकाः
७. प्रस्तावित सेवावाट लाभान्वित हने उपभोक्ताहरुको संख्याः
८. अनुमतिपत्र वहाल रहने अवधिः

अनुमतिपत्र दिने अधिकारीको
नाम र थरः
सहीः
पदः
मितिः

**अनुसूचीः ७**
**जलश्रोतको उपयोगको अनुमतिपत्रनविकरण दस्तुर**

| सि.न. | जलश्रोत उपयोगको किसिम | निबेदन दस्तुर | दर्ताअनुमति दस्तुर | नविकरण दस्तुर .प्रत्येक वर्ष आश्विन मसान्त सम्म॰ | आश्विन भन्दा पछि थप दस्तुर प्रति वर्ष |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| क | खानेपानी मुहान दर्ता .घरेलु प्रयोजनको लागि॰ | रु. १०० | रु. १००० | रु. ५०० | रु. ५०० |
| ख | सिंचाई | रु. १०० | रु. २००० | रु. १००० | रु. १००० |
| ग | पशुपालन' मत्स्यपालन जस्ता कृषिजन्य उपयोग | रु. १०० | रु. १००० | रु. ५०० | रु. ५०० |
| घ | घरेलु उद्योग' औद्योगिक व्यावसाय तथा खानी जन्य उपयोग | रु. १०० | रु. २००० | रु. १००० | रु. १००० |
| ङ | जल यातायात | रु. १०० | रु. ५००० | | |
| च | अमोद प्रमोदजन्य उपयोग | रु. १०० | रु. ५००० | | |
| छ | अन्य उपयोग .साना लघुविद्युत आयोजना' अन्य आयोजना॰ | रु. १०० | रु. ५००० | | |
| ज | अनुमतिमत्र प्राप्त व्यक्तिले जलश्रोतको उपयोग गरी अन्य व्यक्तिहरुलाई व्यापारिक प्रयोजनको लागि जलश्रोत उपलब्ध गराए वापत | | रु. १०००० | | |

**प्रमाणीकरण मिति : २०७७/०५/४**

**आज्ञाले,**
**किसान बहादुर क्षेत्री**
**प्रमुख प्रशासकीय अधिकृत**